लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

मा. मन्त्रीस्तरबाट स्वीकृत मिति: २०८०।०५।०२

**प्रस्तावना:** लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम सरल, पारदर्शी र प्रभावकारी ढङ्गबाट व्यवस्थापन र सञ्चालन हुने व्यवस्था मिलाउन वाञ्छनीय भएकाले,
सुशासन नियमावली, २०७७ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "डिभिजन कार्यालय" भन्नाले लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मातहतका सामाजिक विकास डिभिजन कार्यालय सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "संस्था" भन्नाले दफा १० बमोजिम छनौट भएको हुने अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम संचालन गर्ने संस्था सम्झनु पर्छ ।

(च) "समुदायमा आधारित पुनर्स्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य, शिक्षा, तालिम, रोजगार, आयआर्जन, व्यवसाय जस्ता आधारभूत सेवामा पहूँचको व्यवस्था गर्दै आफ्नै समुदाय र परिवारमा राखी आत्मनिर्भर तुल्याउने र उनीहरुको सामाजिक सहभागितालाई अभिवृद्धि गरी सशक्तीकरण समेत गर्दै लैजाने एकीकृत र शृखंलाबद्ध कार्य सम्झनु पर्छ।

(छ) "सि. बि. आर. कार्यक्रम" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (Community Based Rehabilitation-CBR) सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

(क) अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने।

(ख) अपाङ्गता भएका नागरीकहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासका साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बढाउने ।

(ग) अपाङ्गता हुन नदिन समयमा नै पहिचान, रोकथाम, न्यूनीकरण र अपाङ्गता भएकाहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्धारा पुनर्स्थापना गर्ने ।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(घ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न समान अवसरका सेवा, स्वास्थ्य, शिक्षा, तालिम, नेतृत्व विकास, सीपमूलक तालिम, लघुऋण, सहायक सामग्री आदि उपलब्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तीकरण गरी मूलप्रवाहमा ल्याउने र अन्य नागरिक सरह सक्षम र स्वावलम्बी बनाउने।

(ङ) लुम्बिनी प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम संचालन गर्न उपयुक्त संस्थाहरुको छनौट गर्ने।

४. <u>निर्देशक समितिको गठनः</u> (१) सि.बि.आर. कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक नीति निर्देशन प्रदान गर्न मन्त्रालयमा देहाय बमोजिमको एक प्रदेशस्तरीय निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | संयोजक |
| (ख) योजना महाशाखा प्रमुख, अर्थ मन्त्रालय | सदस्य |
| (ग) योजना महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (घ) योजना महाशाखा प्रमुख, स्वास्थ्य मन्त्रालय | सदस्य |
| (ङ) योजना महाशाखा प्रमुख, मन्त्रालय | सदस्य |
| (च) प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ, लुम्बिनी प्रदेश | सदस्य |
| (छ) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा हेर्ने, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६ को दफा (४) को उपदफा (१) को खण्ड (ट) र खण्ड (ठ) बमोजिम मनोनित सदस्यहरुलाई आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यक्तानुसार बस्न सक्नेछ।

(४) समितिले आफ्नो बैठकको कार्यविधि आफै तय गर्नेछ।

(५) समितिको बैठकको निर्णय संयोजक र सदस्यसचिवले प्रमाणित गर्नेछन्।

५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) दफा (४) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम सम्बन्धी योजना तर्जूमा र नीतिगत मार्ग निर्देशन गर्ने।

(ख) कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन गर्ने विधि तथा संयन्त्र निर्धारण गर्ने।

(ग) संचालित कार्यक्रमको समीक्षा र मूल्याङ्कन गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था बीच समन्वय एवं सहयोगको आदान प्रदान गर्ने ।

(ङ) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्ति विकास सम्वन्धी कार्य गर्ने ।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(च) कार्यक्रम कार्यान्वयनका लागि समन्वय तथा अनुगमन समितिहरुलाई निर्देशन दिने।

(छ) कार्यक्रम कार्यान्वयनको प्रक्रिया एवं कार्यविधि निर्धारण तथा नीतिगत निर्णयहरु गर्ने ।

(ज) गैरसरकारी संस्थाहरुबाट सञ्चालित अपाङ्गता क्षेत्रका कार्यक्रमहरुलाई सरकारको नीतिगत प्राथमिकता क्षेत्रमा ल्याई सि.वि.आर को दायरामा आवद्ध गर्ने।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकार मध्ये समितिले केही अधिकार लिखितरुपमा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

६. <u>समन्वय तथा अनुगमन समितिको गठनः</u> (१) लुम्बिनी प्रदेशभित्रका प्रत्येक जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम प्रभावकारी बनाउनको लागि तपसिल बमोजिमको समन्वय तथा अनुगमन समिति रहनेछ।

(क) प्रमुख, जिल्ला समन्वय समिति — संयोजक

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्लास्थित स्वास्थ्य कार्यालय — सदस्य

(घ) प्रतिनिधि, जिल्लास्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय — सदस्य

(ङ) जिल्ला सदरमुकाम रहेको स्थानीय तहको अपाङ्गताको विषय हेर्ने शाखा प्रमुख/कर्मचारी, — सदस्य

(च) जिल्लास्तरमा अपाङ्गताको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि मध्ये राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला शाखाको सिफारिसमा संयोजकले मनोनयन गरेका १ जना महिला सहित २ जना — सदस्य

(छ) प्रमुख, डिभिजन कार्यालय — सदस्य सचिव

(२) समितिको बैठक चौमासिकरुपमा बस्नेछ। उक्त बैठकमा बढीमा २ जना सम्म विज्ञ प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्य मनोनित नभएको अवस्थामा पनि समितिको बैठक बस्न सकिनेछ।

(४) समितिले आफ्नो बैठकको कार्यविधि आफै तय गर्नेछ।

(५) समितिको निर्णय संयोजक र सदस्यसचिवले प्रमाणित गर्नेछन्।

७. <u>समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः</u> जिल्लास्थित समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पुनर्स्थापना सम्वन्धमा प्रदेशबाट निर्धारित नीति, नियम र कार्यविधिको अधिनमा रही छनौट गरिएको संस्था मार्फत कार्यक्रम कार्यान्वयन गराउने ।

(ख) कार्यक्रम कार्यान्वयनका लागि छनौट भएको गैर सरकारी संस्थालाई नियमित निर्देशन, सल्लाह, सुझाव तथा पृष्ठपोषण दिने ।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(ग) संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने र वार्षिक प्रतिवेदन तयार गरी प्रदेशस्तरीय निर्देशक समितिमा पेश गर्ने।

(घ) प्रदेशस्तरीय निर्देशक समितिले दिएको सि.वि.आर. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्वन्धी निर्देशनहरुको कार्यान्वयन गर्ने र गराउने।

(ङ) सरकारी वा गैर सरकारी संघ संस्था एवं अन्य निकायसँग अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापनाका निमित्त साझेदारीमा काम गर्न आवश्यक सहजीकरण गर्ने।

८. <u>स्थानीय तह सि.वि.आर. कार्यक्रम समन्वय तथा व्यवस्थापन समिति:</u> (१) प्रदेशका प्रत्येक स्थानीय तहले सि.बि.आर. कार्यक्रमको कार्यान्वयन, समन्वय, व्यवस्थापन एवम् अनुगमनको लागि उपप्रमुख/ उपाध्यक्षको संयोजकत्वमा स्थानीय तह सि.बि.आर. कार्यक्रम समन्वय तथा व्यवस्थापन समिति गठन गर्न सक्नेछन्। यस कार्यविधि बमोजिम जिल्लास्तरमा कार्यक्रम कार्यान्वयनका लागि छनौट भएको संस्थाले सो समिति गठनमा सहजीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरेबमोजिम हुनेछ।

९. <u>कार्यक्रम सञ्चालन:</u> डिभिजन कार्यालयले सि.वि.आर. कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित जिल्ला भित्र समेत कार्यक्षेत्र भएका संस्थाको साझेदारीमा कार्यक्रम संचालन गर्नेछ। यसरी सञ्चालन गरिने कार्यक्रमको कार्य क्षेत्र सम्बन्धित जिल्लाभर हुन सक्नेछ। तर यस भन्दा अघिल्ला ५ वर्ष भित्र प्रदेश मन्त्रालयको स्वीकृत सि.वि.आर.कार्यक्रम सञ्चालन कार्यबिधि बमोजिम कार्यक्रम कार्यान्वयन भएको स्थानीय तह र लाभान्वित सेवाग्राही भन्दा फरक स्थानीय तह र सेवाग्राहीमा यो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

१०. <u>संस्था छनौटका प्रक्रिया र मापदण्डहरु:</u> (१) समन्वय तथा अनुगमन समितिले सिबिआर कार्यक्रम सञ्चालन गर्ने संस्था छनौट गर्दा निम्न प्रक्रिया र मापदण्ड अवलम्बन गर्नुपर्नेछ।

(क) डिभिजन कार्यालयले कार्यक्रम सञ्चालयन सम्बन्धी प्रस्तावना पेश गर्ने सम्बन्धी १५ दिनको सूचना आव्हान गर्नेछ। त्यस्तो सूचना डिभिजन कार्यालयको वेव साईटमा प्रकाशन गर्नुको साथै सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ। डिभिजन कार्यालयले आवश्यकता अनुसार सूचनाको म्याद १५ दिन थप गर्न सक्नेछ।

(ख) जिल्ला स्तरको सि.बि.आर. कार्यक्रम सञ्चालन गर्नका लागि जिल्लामा एक मात्र संस्थाको छनौट हुनेछ।

(ग) सूचना आव्हान गर्दा अनुसूची-१ बमोजिमका संस्था छनौटका आधार र दरखास्तसँगै पेश गर्नुपर्ने कागजातका बारेमा उल्लेख गर्नुपर्नेछ।

(घ) डिभिजन कार्यालयले आव्हान गरेको सूचना बमोजिम रीतपूर्वक प्राप्त प्रस्तावना मध्ये खण्ड (ङ) बमोजिमको मूल्याङ्कन तथा छनौट समितिले अनुसूची १ मा तोकिएका मूल्याङ्कनका आधारहरु बमोजिम संस्था छनौट गर्नुपर्नेछ ।

(ङ) संस्था छनौटका लागि तपसिल बमोमिमको एक मूल्याङ्कन तथा छनौट समिति रहनेछ।

| | |
|---|---|
| १. कार्यालय प्रमुख, डिभिजन कार्यालय | संयोजक |
| २. सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि एकजना | सदस्य |



माननीय चन्द्रप्रकाश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३. जिल्लस्थित स्वास्थ्य कार्यालयको प्रतिनिधि एकजना सदस्य

४. डिभिजन कार्यालयको खरिद सम्बन्धि ईकाई हेर्ने प्रतिनिधि सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन तथा छनौट समितिमा डिभिजन कार्यालयको लेखा शाखा प्रमुख आमन्त्रित सदस्य रहन सक्नेछ ।

(३) खण्ड (ङ) बमोजिमको समितिले छनौट गरेको संस्थासँग डिभिजन कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने/गराउनेछ।

११. <u>संस्थाले संचालन गर्ने मुख्य मुख्य क्रियाकलाप:</u> दफा (१०) बमोजिम छनौट भएका संस्थाले संचालन गर्ने क्रियाकलापहरु देहायबमोजिम हुनेछन् ।

(क) अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सेवा सुविधा, अवसर उपलब्ध गराउने बारे परामर्श दिने, जानकारी दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने ।

(ख) स्थानीय तहमा सि.बि.आर. कार्यक्रम सम्बन्धी तालिम संचालन गर्दा स्थानीय जनप्रतिनिधि, शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवकसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने ।

(ग) स्थानीय अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय तहमा हुने विकास निर्माण सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।

(घ) अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेवा, परामर्श, लोकसेवा आयोगले लिने परीक्षाका तयारी कक्षा संचालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्यपोचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने ।

(ङ) अपाङ्गता भएका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध, न्यूनीकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अर्न्तक्रिया संचालन गर्ने गराउने ।

(च) अनुगमन समितिले दिएको पृष्ठपोषणमा रही कार्यक्रमको नियमित संचालन गर्ने र प्रगति विवरण चौमासिक रुपमा सम्बन्धित मन्त्रालयमा पठाउने ।

१२. <u>बजेट खर्च गर्ने सम्बन्धी विधि:</u> सि.बि.आर. कार्यक्रम संचालन गर्ने संस्थाले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्दा र प्रशासनिक खर्च गर्दा अनुसूची २ मा उल्लेखित खर्च अनुपात बमोजिम गर्नुपर्नेछ ।

१३. <u>रकम भुक्तानी प्रक्रिया:</u> कार्यक्रम सञ्चालन गर्ने संस्थालाई रकम भुक्तानी गर्दा देहाय बमोजिम २ किस्तामा वा कार्यसम्पन्न पश्चात एकमुष्ट उपलब्ध गराउन सकिनेछ ।

(क) सम्झौता भई कार्यक्रम सञ्चालनको क्रममा पहिलो किस्ता वापत सक्कल विल भरपाई पेश गरेपछि कार्य सम्पन्नको आधारमा स्वीकृत रकमको ४० प्रतिशत, वा

कार्यसम्पन्न पश्चात पेश भएका बिलभरपाइको आधारमा बजेटको सीमाभित्र रही संस्थाले पाउनुपर्ने एकमुष्ट रकम।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(ख) अन्तिम भुक्तानी लिंदा परिणाम सहितको एकिकृत कार्य सम्पन्न प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ।

(ग) प्रतिवेदनमा लाभान्वित सेवाग्राहीको विस्तृत विवरण र कार्यक्रम सञ्चालनको अबधिमा लिईएको तस्विर समेत अनिवार्य पेश गर्नुपर्नेछ।

१४. लेखा र लेखापरीक्षणः डिभिजन कार्यालयबाट प्राप्त भएको अनुदान रकमको खर्चको लेखा संस्थाले प्रचलित कानून वमोजिम राख्नुपर्नेछ। संस्थाले प्रचलित कानून बमोजिम आय व्ययको लेखापरीक्षण गराई आ.व. समाप्त भएको तीन महिनाभित्र सम्बन्धित डिभिजन कार्यालयमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य बुझाउनुपर्नेछ।

१५. अनुदान रकम उपलव्ध नगराईनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका संस्थाहरूलाई अनुदान रकम उपलव्ध गराईने छैनः–

(क) विगत वर्षहरुमा मन्त्रालय वा मातहतका निकायबाट कार्यक्रम कार्यान्वयन गर्दा काम सन्तोषजनक नदेखिएको वा कार्यक्रम कार्यान्वयन गर्न नसकेको संस्था भएमा।

(ख) यस अघि लिएको अनुदानको आयव्यय विवरण पेश नगरेको।

(ग) अनुगमनबाट कार्यक्रम सन्तोषजनक रूपले सञ्चालन गरेको नदेखिएको ।

(घ) सम्झौताबमोजिम कार्यसम्पादन नगरेको।

(ङ) कार्यसम्पन्न प्रतिवेदन सहितको विलभरपाई पेश नगरेमा।

१६. अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः यस कार्यविधि बमोजिम छनौट भई अनुदान प्राप्त गर्ने संस्थाले डिभिजन कार्यालयसँग गरेको सम्झौता बमोजिम सि.बि.आर. कार्यक्रम सञ्चालनका अलावा देहायको काम समेत गर्नुपर्नेछः–

(क) प्राप्त अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नुपर्ने,

(ख) वित्तीय तथा भौतिक प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको मितिले १५ दिनभित्र डिभिजन कार्यालयमा पेश गर्नुपर्ने,

(ग) प्राप्त अनुदानको रकम उपयोग गर्न नसकेमा बाँकी किस्ता पनि निकासा दिन डिभिजन कार्यालय बाध्य नहुने,

(घ) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षण गरी सोको एक प्रति र त्यसउपर संस्थाको प्रतिक्रिया सहितको प्रतिवेदन सम्बन्धित डिभिजन कार्यालयमा समेत पेश गर्नुपर्ने।

१७. विविधः (१) डिभिजन कार्यालयबाट प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा यस कार्यबिधिको साथै प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही खरिद गर्नु पर्नेछ, साथै गोष्ठी, सेमिनार, तालिम, दैनिक भ्रमण खर्च आदिको सम्बन्धमा प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका निर्देशिका, २०७९ बमोजिम गर्नुपर्नेछ ।

(२)मन्त्रालय/ डिभिजन कार्यालय अन्तर्गतका कर्मचारीले अनुदान प्राप्त गर्ने संस्थाका कार्यक्रममा भाग लिन जादा विज्ञको हैसियतमा वाहेक संस्थाबाट कुनै आर्थिक सुविधा लिनु हुँदैन।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि जिल्लास्थित समन्वय तथा अनुगमन समितिको अनुगमन, बैठक खर्च तथा संस्था मूल्याङ्कन तथा छनौट समितिको बैठक खर्च डिभिजन कार्यालयले स्वीकृत रकमबाट यसै कार्यविधिको अनुसूची २ बमोजिमको रकम सोझै भुक्तानी गर्न सक्नेछ।

१८. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१९. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषय यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

२०. **<u>कार्यविधिमा संशोधनः</u>** यस कार्यविधिमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

### संस्था छनौटका लागि मूल्याङ्कन गर्ने आधारहरु

दफा ९ (ग) सँग सम्बन्धित

१. <u>मूल्याङ्कनका आधारहरुः</u>

(क) अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव वापत– अंक २०

- कम्तिमा १ वर्ष अनुभव भएकोमा – अंक १०
- १ वर्ष देखि ३ वर्ष सम्म अनुभव भएकोमा - अंक १५
- ३ वर्ष भन्दा माथि अनुभव भएकोमा– अंक २०

- संस्थामा कार्यरत सिविआर तालिम लिएका जनशक्तिको विवरण वापत– अंक १०

- १ देखि ३ जना - अंक ८
- ४ वा सो भन्दा माथि - अंक १०

(ख) भौतिक पूर्वाधारको अवस्था- अंक १०

- आफ्नै भवनमा कार्यालय रहेको - अंक १०
- भाडामा कार्यालय रहेको - अंक ७

(ग) संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली भएकोमा – अंक ५

(घ) स्थानीय तहले निर्धारण गरेका अन्य आधारहरु- अंक ५

२. <u>संस्था छनौट प्रक्रियामा दरखास्तसंगै अनिवार्य बुझाउनुपर्ने कागजपत्र तथा अन्य विवरणहरुः</u>

(क) संस्थाको निवेदन

(ख) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,

(ग) संस्था दर्ता नवीकरण, संस्थाको विधान,

(घ) प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,

(ङ) गत आ. व. को वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(च) प्रस्तावना पेश गर्ने सम्बन्धी संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी,

(छ) संस्थाको आफ्नै भवन भएकोमा सो को जग्गाधनी पुर्जाको फोटोकपी

(ज) संस्था भाडामा रहेकोमा घरधनीसँगको सम्झौतापत्र

(झ) कार्यरत जनशक्ति सि.वि.आर. सहजकर्ताको विवरण खुल्ने कागजात र

(ञ) संस्था रहेको स्थानीय तहको सिफारिस।

अनुसूची -२

**बजेट खर्च गर्ने सम्बन्धी विधिः**

दफा ११ सँग सम्बन्धित

| सि नं | विवरण | अनुपातमा आधारित खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. प्रशासनिक खर्च (कुल बनियोजित बजेटको अनुपात ) | | | |
| क. | डिभिजन कार्यालयले जिल्ला समन्वय तथा अनुगमन समितिबाट अनुगमन गर्ने व्यवस्था र कार्यक्रम सम्पन्न पश्चात समितिको बैठक आयोजना गरी समिक्षात्मक बैठकका लागि खर्च वापत | १० प्रतिशत | |
| ख. | संस्थाले जनशक्ति विकासको लागि गर्ने खर्च। | ५ प्रतिशत | |
| ग. | स्टेशनरी र प्रतिवेदन लेखनका लागि बढीमा गर्न सक्ने खर्च । | ३ प्रतिशत | |
| घ. | संस्थाले प्रदेश वा जिल्ला स्तरमा समीक्षा, गोष्ठी तथा सेमिनारमा सहभागिता जनाउँदा लाग्ने खर्च बढीमा । | २ प्रतिशत | |
| ङ. | संस्था मूल्याङ्कन तथा छनौट समितिको बैठक तथा व्यवस्थापन खर्च (बढीमा २ वटा बैठकको लागि ) | ५ प्रतिशत | |
| | जम्मा | २५ प्रतिशत | |
| २. कार्यक्रम सम्बन्धि खर्च (कुल बनियोजित बजेटको अनुपात ) | | | |
| क. | सि.बि.आर. संस्थाले आयमुलक तथा सीपमुलक तालिम प्राप्त गरेका, सशक्तरुपमा काम गर्न सक्ने, पेशा व्यवसाय गर्ने इच्छुक अपाङ्गता भएका व्यक्तिहरुको काम गर्न सक्छन् भनी विश्वस्त भएमा स्थानीय तहको सिफारिस लिई न्यून आयस्तर र प्राथमिकताका आधारमा प्रति व्यक्ति पेशा व्यवसाय हेरी बढीमा | २५ प्रतिशत | |

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | | |
|---|---|---|---|
| | १० हजारसम्म अनुदानका रुपमा उपलब्ध गराउन सक्ने रकम (उक्त रकम दुरुपयोग भएमा सो व्यक्तिलाई अन्य सेवा सुविधाबाट बन्चित गरीनेछ। सि.बि.आर. संस्थाले बीउपूँजी लैजाने व्यक्तिको नाम सहितको रेकर्ड राखी प्रगतिमा समावेश गरी बुझाउनु पर्नेछ र प्रत्येक वर्ष समीक्षा कार्यक्रममा समेत प्रगति विवरण पेश गर्नुपर्नेछ। एउटै व्यक्तिलाई पटक पटक तथा अपाङ्गता नभएका व्यक्तिलाई रकम उपलब्ध गराउन पाइने छैन ।) | | |
| | जम्मा | २५ प्रतिशत | |
| ३.समुदायमा आधारित कार्यक्रम संचालन खर्च (कुल बनियोजित बजेटको अनुपात ) | | | |
| क. | सि.बि.आर. कार्यक्रमलाई प्रत्येक बर्ष अलग अलग स्थानीय तहमा विस्तार गरी अपाङ्गता भएका व्यक्तिहरुको संभाव्यता खोजीको लागि तथ्यांक संकलन तथा अद्यावधिक गर्न बढीमा । सो विवरण समेत प्रगतिमा समावेश गर्नु पर्नेछ। | ५ प्रतिशत | |
| ख. | अपाङ्गता रोकथाम र हक अधिकारका विषयमा प्रचारप्रसार सामग्री उत्पादन, रेडियो एफ.एम.लगायतका माध्यमबाट प्रशारण गर्ने र जनचेतना सम्बन्धमा प्रचार प्रसार अभियानका कार्य गर्न । | ५ प्रतिशत | |
| ग. | विद्यालयको पहुँच बाहिर रहेका विद्यार्थीहरुलाई भर्ना अभियान, बाबुआमालाई सचेतना र सहज छात्रवृति लगायत जानकारी दिन तथा सम्बन्धित डिभिजन कार्यालय र सम्बन्धित स्थानीय तहमा रहेको शिक्षा महाशाखा/शाखासँग समन्वय गरी शिक्षाको पहुँच वृद्धि गर्ने कार्यका लागि । | १० प्रतिशत | |
| घ. | अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामग्रीको पहिचान गर्ने ,जिल्ला वा प्रदेशमा प्राप्त सहायक सामग्रीको वितरण गर्ने तथा सहायक सामग्री उत्पादन र वितरण केन्द्र सम्मको समन्वय गर्ने र सामग्री ढुवानी कार्यका लागि । | ५ प्रतिशत | |
| ङ. | स्वास्थ्यको पहुँच नपुगेका अपाङ्गता भएका बालबालिका तथा ब्यक्तिहरुका लागि उपचारका लागि सहज जानकारी दिने, स्वास्थ्य निकायसँग निःशुल्क उपचारको लागि समन्वय गरिदिने र स्वास्थ्य सहयोग सम्बन्धी सामान्य साधन खरिद जस्तै थेर मेशिन, Hot | ७ प्रतिशत | |



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| | | | |
|---|---|---|---|
| | water bag , knee Guard लगायतका सामाग्रीको खरिदका लागि । | | |
| च. | प्रत्येक जिल्लामा रहेका सार्वजनिक निकाय (प्रत्यक्ष जनताको सम्पर्क हुने सरकारी, गैरसरकारी तथा निजी क्षेत्र) को भौतिक संरचनाको अपाङ्गमैत्री स्थितिको अध्ययन गरी प्रतिवेदन तयार गर्ने। सो प्रतिवेदन र अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक संरचना तथा संचार सेवामा पहुँच अभिवृद्धि गर्ने कार्यविधि, २०६९ का बारेमा स्थानीय तहसँग समन्वय गरी प्रचारप्रसार गर्ने र जिल्लाका सरकारी तथा गैरसरकारी निकाय, पत्रकार, मानव अधिकारकर्मी र पेशागत संघ संगठन लगायतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गर्ने । साथै जिल्ला तथा स्थानीय तहमा नवनिर्मित तथा पुनर्निर्माण गरीने संरचनालाई अपाङ्गतामैत्री बनाउन अभियान संचालन गर्ने कार्यका लागि । | १५ प्रतिशत | |
| छ. | जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुले लिने सार्वजनिक सेवामा सहजीकरण गर्न , दोभाषे सेवा प्रदान गर्ने, अति विपन्न अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक निकाय सम्म पुर्याउन सार्वजनिक यातायातको खर्चका लागि बढीमा | ३ प्रतिशत | |
| | जम्मा | ५० प्रतिशत | |
| | १+२+३ को कुल जम्मा | १०० प्रतिशत | |

- माथि तालिकामा उल्लेख गरे बमोजिम समुदायमा आधारित कार्यक्रम संचालन सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ ।

  (क) जिल्लामा सी.बी.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले जिल्ला समन्वय समितिसँग समन्वय गरी यस भन्दा अघि कार्यक्रम सञ्चालन भएका स्थानीय तह भन्दा फरक स्थानीयतहमा कार्यक्रम सञ्चालन गर्नेबारे निर्णय गर्नुपर्नेछ ।त्यसको साथै जिल्लाका सरकारी, गैरसरकारी निकायका प्रतिनिधि सी.बी.आर. कार्यक्रम गर्ने अन्य संस्था स्थानीय तहको सामाजिक विकास महाशाखा/शाखा प्रमुख र त्यस जिल्लामा उपलब्ध भएका अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरुलाई राखी एक दिनको अपाङ्गता सम्बन्धी विषयमा नियम तथा भौतिक संरचना तथा संचार सेवामा पहुँच सम्बन्धी कार्यविधि लगायत विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्नेछ ।



माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**(ख)** सि.बि.आर. कार्यक्रम संचालन गर्न छनौट भएका संस्थाले अपाङ्गता विषयमा प्रशिक्षक प्रशिक्षण लिएका (यथासक्य) स्थानीय श्रोत व्यक्तिहरु लाई परिचालन गरी प्रशिक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

अनुसूची -३

**सम्झौता-पत्रको ढाँचा**

(दफा १० को उपदफा ३ सँग सम्बन्धित )

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको मिति २०८०/०९/........ (मा.मन्त्रिस्तर) बाट स्वीकृत **"अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालन कार्यविधि,२०८०"** बमोजिम, सामाजिक विकास डिभिजन कार्यालय, ........... (यस पछि पहिलो पक्ष भनिएको) र यस कार्यालयको बजेट उपशिर्षक नं. ३५०००००१३ (बाल अधिकार तथा सामाजिक न्याय) तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालन गर्नुपर्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम सञ्चालनका लागि संस्थागत अनुदान मार्फत कार्यक्रम कार्यान्वयन गर्ने गरी कार्यबिधि बमोजिमको मूल्याङ्कन तथा छनौट समितिको मिति २०८०/ ......./...... को निर्णयानुसार छनौट भएको संस्था ......................................................(सम्बन्धित संघ/संस्थाको नाम र ठेगाना) (यस पछि दोश्रो पक्ष भनिएको) बीच तपसिलका शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न दुबै पक्ष मन्जुर भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं ।

**१. संस्थागत विवरणः**

(क) संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) कार्यक्षेत्रः-

(घ) कार्यक्रमको उद्देश्यः-

(ङ) संस्थाको प्रमुख/अध्यक्षको नाम र ठेगानाः-

(च) संस्थाको खाता रहेको बैंकको नाम र ठेगानाः-

(छ) बैकको खाता नं.-

(ज) कार्यक्रम तथा बजेट पठाउने निकायः- सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश ।

(झ) कार्यक्रम तथा बजेट कार्यान्वयन गर्ने निकायः

(ञ) कार्यक्रम शुरु हुने मितिः ---------------------------

(ट) कार्यक्रम सम्पन्न हुने मितिः -----------------

**२. कार्यक्रमको लागत सम्बन्धी विवरणः**

(क) कुल कार्यक्रम खर्च अनुमान रु.-------------------

(ख) लागत व्यहोर्ने स्रोतहरुः सामाजिक विकास डिभिजन कार्यालय र संस्थाको साझेदारी

(१) सामाजिक विकास डिभिजन कार्यालयबाट रु.----------------

(२) सम्बन्धित संस्थाबाट रु ------------------

(३) अन्य स्रोतबाटः ----------------------

**सम्झौताका शर्तहरुः**

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

(१) अपाङ्गता भएका लक्षित वर्ग लाभान्वित हुने गरी दोश्रो पक्षले कार्यक्रम/आयोजना सञ्चालन गर्नु पर्नेछ।

(२) संस्थाको नाममा तोकिएको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मन्त्रालयमा विनियोजन भएको रकमबाट कार्यविधि अनुसार खर्च हुने गरी खर्चका आधारमा रकम उपलव्ध गराइनेछ।

(३) पहिलो पक्षबाट दोश्रो पक्षले प्राप्त रकम तोकिएको कार्यक्रमको उद्देश्य पुरा गर्नका लागि मात्र खर्च गर्नुपर्नेछ।

(४) कार्यक्रम सञ्चालन हुने समय, स्थान र मिति दोश्रो पक्षले पहिलो पक्षलाई पूर्व जानकारी दिनुपर्नेछ र कार्यक्रम संचालनको क्रममा जुनसुकै बखत पहिलो पक्षले अनुगमन गरी सुझाव दिन सक्नेछ।

(५) दोस्रो पक्षले लाभान्वित हुने व्यक्तिको व्यक्तिगत अभिलेख राखी निरन्तर अनुगमन गर्नुपर्नेछ।

(६) समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्दा अपाङ्गता भएका व्यक्तिहरुका लागि **समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) सञ्चालन कार्यविधि, २०८०** को मूलमर्म अनुसार गर्नुपर्नेछ। कार्यविधि विपरित गरिएमा क्रियाकलापको भुक्तानी पहिलो पक्षबाट हुनेछैन ।

(७) दोश्रो पक्षले कार्यक्रम सम्पन्न भए पछि सो को अन्तिम प्रतिवेदन तयार गरी कार्यविधि बमोजिम सम्बन्धित खर्चका बिल भरपाई संलग्न राखी भुक्तानीका लागि अन्तिम प्रतिवेदन सहित पहिलो पक्ष समक्ष स्थानीय तहको सिफारिस सहित पेश गर्नुपर्नेछ ।

(८) कार्य सम्पन्न प्रतिवेदनका आधारमा रकम प्रदान गर्दा प्रचलित कानून बमोजिमको रकम मात्र सम्वन्धित दोश्रो पक्षको वैंक खातामा जम्मा हुने गरी उपलव्ध गराईनेछ ।

(९) स्वीकृत कार्यविधि र प्रचलित कानून बमोजिमका बिल भरपाई मात्र पेश गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ तर तोकिएको मिति भित्र कार्य सम्पन्न नगर्ने वा म्याद नाघी पेश भएका र प्रचलित कानून विपरित पेश भएका बिल भरपाईको भुक्तानी गर्न पहिलो पक्ष बाध्य हुनेछैन।

(१०) दोश्रो पक्षले कार्यक्रम/ आयोजना स्थलमा सबैले देख्ने गरी कार्यक्रम/आयोजनाको नाम, सहयोगी निकायको नाम, शुरु मिति र समापन मिति स्पष्ट देखिने गरी सूचना वोर्ड बनाई अनिवार्य राख्नु पर्नेछ।

(११) आयोजना/कार्यक्रम सञ्चालनको दिनदेखि सम्पन्न भएको दिनसम्मको प्रगति झल्कने फोटोहरु समेत समावेस प्रतिवेदनको आधारमा अन्तिम भुक्तानीको प्रकृया अघि बढाईनेछ। अन्तिम भुक्तानीको लागि माग गर्दा दोश्रो पक्षले आर्थिक वर्ष समापन हुनुभन्दा कम्तिमा १ महिना अगाडि अनिवार्य प्रतिवेदन सहित पहिलो पक्ष समक्ष निवेदन पेश गरेको हुनुपर्नेछ।

(१२) दोश्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा विनियोजित रकम नेपाल सरकारको सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली (संशोधन २०७८ समेत) २०६४, लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७५, लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९, प्रदेश सार्वजनिक खरिद सम्बन्धी नियमावली २०७६ यस मन्त्रालयबाट स्वीकृत CBR कार्यविधि, २०८०, लुम्बिनी प्रदेश सरकारको तालिम सम्बन्धी खर्चको मापदण्ड लगायत प्रचलित कानूनको पालना हुने गरी गर्नु पर्नेछ।

(१३) प्रचिलत कानून र स्वीकृत कार्यक्रम तथा बजेट रकम भन्दा बढी लागत पर्न गएमा त्यस्तो खर्च स्वतः सम्बन्धित दोश्रो पक्षले व्यहोरेको ठहरिनेछ र पेश भएका बिल भरपाई अनुसारको रकम पहिलो पक्षले भुक्तानी गरी सकेपछि अनुगमन र लेखा परीक्षणबाट कानून विपरित रहेको जानकारी हुन आएमा कानून बमोजिम दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(१४) पहिलो पक्ष समक्ष पेश गर्ने अन्तिम प्रगति प्रतिवेदनमा दोश्रो पक्षले कार्यक्रमको उद्देश्य एवं लक्ष्य अनुरुपको प्रगतिको अवस्था, कार्यक्रमको उपादेयता वा औचित्य पुष्टि, सहभागी वा परिवार एवं लक्षित

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्गलाई पुगेको लाभ, कार्यक्रमको दिगोपनाको संभावना, कार्यक्रम सञ्चालनमा परेका समस्या र समाधानका लागि गरेका प्रयास सहितको विवरण उल्लेख गर्नु पर्नेछ ।

(१५) यस सम्झौताको कुल रकम रु ३,००,०००/-(अक्षेरुपी तीन लाख रुपैंया) मात्र हुनेछ। प्रचलित कानुन बमोजिमको VAT तथा यस कार्यविधि बमोजिम तोकिएका बैठकभत्ता बापतका रकम र अन्य करहरुको रकम समेत सोही रकममा समावेश हुनेछ।

(१६) यस सम्झौता बमोजिमको यस मन्त्रालयबाट प्राप्त अनुदानबाट गरिने काममा अन्य कुनै पनि स्रोतको दोहोरो प्रयोग नभएको स्वघोषणा हुनु पर्नेछ। दोहोरो स्रोतबाट एउटै काम भएको पाइएमा दोस्रो पक्ष स्वयम् पूर्ण रुपमा उत्तरदायी हुनेछ।

(१७) सम्झौता बमोजिमको रकम कार्य सम्पन्न प्रतिवेदन पेश भए पछि खर्चका आधारमा बढिमा दुई किस्तामा पहिलो पक्षले दोश्रो पक्षलाई उपलव्ध गराउनेछ।

(१८) सम्झौताको अवधि मिति २०८१ आषाढ महिनाको मसान्तसम्म यसै सम्झौता बमोजिम कायम हुनेछ।

(१९) सम्झौतामा उल्लेख भएमा शर्तहरुको हकमा सोही अनुसार हुनेछ साथै अन्य कुराहरुको प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

(२०) यस सम्झौतामा कुनै कुरा थपघट गर्नुपर्ने भएमा दुबै पक्षको सहमतिमा मिलान गर्न सकिनेछ।

**पहिलो पक्षको तर्फबाट**

दस्तखत :
नाम थर:
पद :
सम्पर्क नं.
मिति :
कार्यालय: सामाजिक विकास डिभिजन कार्यालय, ...............
**साक्षीः**
दस्तखतः
नाम थर:
पदः

**दोश्रो पक्षको तर्फबाट**

दस्तखत:
नाम थर:
पद :
सम्पर्क नं.
मिति :
कार्यालय/संस्था:
**साक्षीः**
दस्तखत:
नाम थर:
सम्पर्क नं.

माननीय चन्द्रकेश (सि.के.) गुप्ता
मन्त्री
सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश